# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**ईटाभट्टा,झापा**
**१ नं. प्रदेश नेपाल**

प्रथम पटक प्रकाशित मिति : २०७७/९/२४

**व्यवसायिक कृषि कार्यक्रमका लागि कार्यक्रम विवरण पेश गर्ने सम्बन्धी सूचना**

यस मेचीनगर नगरकार्यपालिकाको मिति २०७७/९/२० गतेको निर्णयानुसार चालु आ.व. ०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रममा आर्थिक विकास कार्यक्रम (योजना किताबको पाना नं. ११० क्र.सं. ५) महिला सहकारी संस्थाको सहकार्यमा व्यवसायिक कृषि कार्यक्रम, मेचीनगर-१० शिर्षकमा विनियोजित वजेटबाट कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम विवरण पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र मेचीनगर नगरपालिका वार्ड नं १० भित्र रहेका महिला सहकारी संस्थाहरुले निम्न कागजात, प्रमाण संलग्न राखी व्यवसायिक कृषि कार्यक्रम विवरण सहित निवेदन पेश गर्न समेत सूचित गरिन्छ। स्वीकृत नगर विकास योजना नगरपालिकाको वेभसाइट mechinagarmun.gov.np मा राखिएको ब्यहोरासमेत सूचित गरिन्छ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजात प्रमाण**

१) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी
२) स्थायी लेखा नं.वा मु.अ.क. दर्ता प्रमाण पत्रको प्रतिलिपी
३) सहकार्य वापत ब्यहोर्ने क्षमता, प्रतिवद्धता,
४) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, लिज वा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी
५) गत आ.व.को लेखा परिक्षण प्रतिवेदन, नयाँ दर्ताको हकमा आवश्यक नपर्ने।
६) व्यवसायिक कृषि कार्यक्रम कार्ययोजना सहितको विवरण।
७) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
८) सम्बन्धित वडाको सिफारिस

मेचीनगर नगर कार्यपालिकाको कार्यालय

©मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय |